# सोताङ गाउँपालिका
# Sotang Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive
सोताङ, सोलुखुम्बु
Sotang, Solukhumbu
कोसी प्रदेश, नेपाल
Koshi Province, Nepal

प.सं. : २०८३/०८४ (प्र.प्र.अ.)      च.नं. :      मिति : २०८३।०६।०७
नेे.सं. : ११४६ गुंलाथ्व द्वादशी

## भारी वर्षा तथा विपद् जोखिमसम्बन्धी जनहितमा जारी सूचना

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण तथा सम्बन्धित निकायबाट प्राप्त सूचनाअनुसार मिति २०८३/०६/०९ गतेदेखि २०८३/०६/११ गतेसम्म सोलुखुम्बु जिल्लालगायत देशका विभिन्न स्थानमा भारी वर्षा हुन सक्ने सम्भावना रहेको हुँदा बाढी, पहिरो, नदी तथा खोलामा पानीको सतह बढ्ने, सडक तथा पुल अवरुद्ध हुनेलगायतका विपद् जोखिम हुन सक्ने भएकाले सोताङ गाउँपालिकाका सम्पूर्ण गाउँवासीहरूलाई आवश्यक सतर्कता अपनाउन तथा आफूले चिनेका जानेका नजिकका व्यक्तिहरुलाई पनि समयमै जानकारी गराउन अनुरोध गरिन्छ ।

**विशेष सावधानी अपनाउनुहोस् :**

- खोला, नदी, खहरे तथा बाढी आउन सक्ने क्षेत्रमा अनावश्यक रूपमा नजानुहोस् ।
- पहिरोको जोखिम भएका भिरालो तथा कमजोर भू–भाग भएका स्थानमा विशेष सावधानी अपनाउनुहोस् ।
- भारी वर्षाको समयमा जोखिमयुक्त सडक, पुल तथा कल्भर्टबाट आवतजावत गर्दा विशेष सावधानी अपनाउनोस् ।
- घर वरिपरिका नाली तथा पानी निकासका बाटाहरू सफा राख्नुहोस् ।
- विद्युतका तार, पोल तथा विद्युतीय उपकरणबाट आवश्यक सावधानी अपनाउनुहोस् ।
- बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा विपद्को जोखिममा रहेका व्यक्तिहरूको विशेष ख्याल गर्नुहोस् ।
- बाढी, पहिरो, सडक अवरोध वा अन्य विपद्को अवस्था देखिएमा तत्काल सम्वन्धित जनप्रतिनिधि, कर्मचारी, गाउँपालिका तथा सुरक्षा निकायमा जानकारी गराउनुहोस् ।

### आकस्मिक तथा सम्पर्क नम्बरहरू

१) गाउँपालिका अध्यक्ष श्री खिलराज बस्नेत : ९८५१०८२०१७
२) प्रमुख प्रशासकीय अधिकृत श्री रमेश पौडेल : ९८४१४८८७८७
३) अरुण बस्नेत, सूचना प्रविधि अधिकृत : ९८६०६५९६८२
४) इलाका प्रहरी कार्यालय, सोताङ — प्रहरी निरीक्षक : ९८५२८५५१००

साथै सम्बन्धित वडा अध्यक्ष, जनप्रतिनिधि तथा कर्मचारीहरूलाई समेत आवश्यक सूचना तत्काल सम्प्रेषण गरी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा सहयोग गरिदिनुहुन अनुरोध छ ।

**"विपद् आउनुअघि नै सावधानी अपनाऔं,
जीवन बचाऔं, सम्पत्ति जोगाऔं।"**

०८३।६।६
रमेश पौडेल
प्रमुख प्रशासकीय अधिकृत

"जनता, जनप्रतिनिधि र कर्मचारीको एकता, समृद्ध सोताङ गाउँपालिका निर्माणमा हाम्रो प्रतिबद्धता"
फोन : ०३८-४१०१२४/४१०१२० वेबसाइट : www.sotangmun.gov.np इमेल : ito.sotangrmun@gmail.com

CamScanner